मध्यपश्चिम विश्वविद्यालय

**परीक्षा व्यवस्थापन कार्यालय**

वीरेन्द्रनगर, सुर्खेत

**सत्रान्त परीक्षा २०८२**

**विषय: नेपा.५२१ पाश्चात्य समालोचना सिद्धान्त** पूर्णाङ्क: ६०

**तह स्नातकोत्तर** सेमेष्टर: दोस्रो समय: ३ घण्टा उत्तीर्णाङ्क : ३०

*परीक्षार्थीले सकेसम्म आफ्नै शब्दमा मौलिक उत्तर लेख्नुपर्नेछ ।*

**तल दिइएका प्रश्नहरूको अतिसंक्षिप्त उत्तर दिनुहोस् :** १०×१=१०

१. पाश्चात्य काव्यशास्त्र भन्नाले के बुझ्नुहुन्छ ?

२. नीतिपरक समालोचनात्मक मान्यता कसले स्थापना गरेका हुन् ?

३. मार्क्स र एङ्गेल्सद्वारा स्थापित समालोचना कुन हो ?

४. यथार्थवादका मुख्य विशेषतामध्ये कुनै एक उल्लेख गर्नुहोस् ।

५. कल्पना सिद्धान्तका प्रतिपादक को हुन् ?

६. अरिस्टोटलद्वारा प्रतिपादित तीन सिद्धान्तमध्ये कुनै एक लेख्नुहोस् ।

७. फ्रायडले साहित्यसम्बन्धी मान्यता अघि सारेको समालोचनालाई के भनिन्छ ?

८. जीवनीपरक समालोचना कोसँग सम्बन्धित हुन्छ ।

९. मूल्य र सम्प्रेषण सिद्धान्त आई.ए. रिचड्सले प्रवर्तन गरेका हुन् भने निर्वैयक्तिकता र समन्वित सचेतना सिद्धान्तका प्रवर्तक को हुन् ?

१०. जाँ पाल सार्त्र कुन वादसँग सम्बद्ध चिन्तक हुन् ?

**कुनै तीन प्रश्नको संक्षिप्त उत्तर दिनुहोस् :** ३×८=२४

११. साहित्य र समालोचना पद्धतिका मूल केन्द्रबारे जानकारी दिनुहोस् ।

१२. परिष्कारवाद र स्वच्छन्दतावादका शक्ति र सीमाको तुलना गर्नुहोस् ।

१३. विनिर्माणवादी समालोचना र उत्तरआधुनिकतावादका प्रवृत्तिहरु केलाउनुहोस् ।

१४. प्रायोगिक समालोचनाका प्रमुख पद्धतिमध्ये कुनै दुईलाई चिनाउनुहोस् ।

**कुनै दुई प्रश्नको विवेचनात्मक उत्तर दिनुहोस् :** २×१३=२६

१५. पाश्चात्य साहित्य सिद्धान्त र समालोचना पद्धतिका प्रमुख युग र धाराको परिचय दिनुहोस् ।

१६. पाश्चात्य साहित्य सिद्धान्त र समालोचना पद्धतिका मूल प्रवृत्ति पहिल्याउनुहोस् ।

१७. पाश्चात्य साहित्य सिद्धान्त र समालोचनामा प्रचलित प्रमुख वादहरुको सैद्धान्तिक विश्लेषण गर्नुहोस् ।